


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २६५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असोज २३ गते शुक्रबार ❑ 9 Oct. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## समृद्ध नेपाल निर्माणमा राज्य, निजी क्षेत्र र समाजको साझा राष्ट्रिय संकल्प आवश्यक छः राष्ट्रपति

**रासस**
काठमाडौं, २२ असोज

राष्ट्रपति रामचन्द्र पौडेलले समृद्ध नेपाल निर्माण सरकार वा कुनै एक क्षेत्रको प्रयासबाट मात्र सम्भव नभई राज्य, निजी क्षेत्र र समग्र समाजको साझा राष्ट्रिय सङ्कल्पबाट सम्भव हुने बताउनुभएको छ ।

नेपाल उद्योग वाणिज्य महासङ्घका पदाधिकारीसँग बिहीबारभएको भेटमा उहाँले समृद्ध नेपाल निर्माणको सङ्कल्पलाई व्यवहारमा रूपान्तरण गर्न निजी क्षेत्र अझ जिम्मेवार, सिर्जनशील र अग्रणी भूमिकामा प्रस्तुत हुने अपेक्षा व्यक्त गर्नुभयो । उहाँले नेपालको आर्थिक समृद्धिमा निजी क्षेत्रले पुऱ्याउँदै आएको योगदानको प्रशंसा गर्नुभयो ।

राष्ट्रपति पौडेलले नेपालको अर्थतन्त्रलाई गतिशील, उत्पादनमुखी र प्रतिस्पर्धी बनाउन सरकार र निजी क्षेत्रबीचको सहकार्य अपरिहार्य रहेको बताउनुभयो । महासङ्घको सङ्गठनात्मक विस्तार र महासङ्घमा आबद्ध १४ लाखभन्दा बढी व्यवसायीको प्रगति समग्र देशको प्रगति भएको उल्लेख गर्दै उहाँले आर्थिक विकास, रोजगारी सिर्जना र नागरिकको जीवनस्तर सुधारमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो ।

सरकारले नीतिगत स्थिरता, लगानीको सुरक्षा, पूर्वाधार विकास, सहज प्रशासन र व्यवसायमैत्री वातावरण निर्माण गर्नुपर्ने तथा निजी क्षेत्रले लगानी, उत्पादन, उद्यमशीलता, नवप्रवर्तन र रोजगारी सिर्जनालाई थप विस्तार गर्नुपर्ने उहाँको भनाइ थियो । यी दुई पक्षबीचको विश्वास र सहकार्यले आर्थिक समृद्धिको बलियो आधार निर्माण गर्न सक्ने राष्ट्रपति पौडेलले बताउनुभयो । उहाँले अबको प्राथमिकता उत्पादन वृद्धि, निर्यात प्रवर्द्धन, स्वदेशी तथा विदेशी लगानी आकर्षण, रोजगारी सिर्जना र नेपाली अर्थतन्त्रको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिमा केन्द्रित हुनुपर्ने बताउनुभयो । जलविद्युत्, पर्यटन, कृषि तथा कृषिजन्य उद्योग, सूचना प्रविधि र उत्पादनमूलक क्षेत्रमा उपलब्ध सम्भावनालाई परिणाममुखी ढङ्गले उपयोग गर्न आवश्यक रहेको उहाँले उल्लेख गर्नुभयो । विशेषगरी देशको युवा जनशक्तिलाई स्वदेशमै अवसर र उद्यमका सम्भावना सिर्जना गर्नु साझा दायित्व भएको राष्ट्रपति पौडेलले बताउनुभयो ।

डिजिटल रूपान्तरण र विश्वव्यापी प्रतिस्पर्धाको वर्तमान युगमा महासङ्घले आफ्नो राष्ट्रिय सञ्जाललाई अन्तर्राष्ट्रिय आर्थिक सञ्जालसँग जोड्दै नेपाली उत्पादन, सेवा र उद्यमलाई विश्व बजारमा पुऱ्याउन थप नेतृत्वदायी भूमिका निर्वाह गर्ने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

## प्रेस रजिष्ट्रारको कार्यालयमा भारतीय पत्रकारसँग अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, २२ असोज



भारतको हरियाणास्थित सोनीपत जिल्ला प्रेस क्लबका पत्रकारहरूसँग प्रेस रजिष्ट्रारको कार्यालयमा पत्रकारितासम्बन्धी अनुभव आदानप्रदान तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयकी प्रमुख सचिव आभा श्रेष्ठ कर्णले राज्यको चौथो अङ्गका रूपमा रहेका भारतीय पत्रकारहरूलाई गण्डकी प्रदेशमा स्वागत गर्न पाउँदा खुसी व्यक्त गरिन । भारतबाटै एमबिएको उच्च शिक्षा हासिल गरेको प्रसङ्ग जोड्दै उनले हरियाणाको स्मरण गरिन । मायाको चिनो प्रदान गर्दै प्रमुख सचिव कर्णले यस्ता भ्रमणले नेपाल र भारतबीचको पत्रकारिता, सामाजिक सरोकार र मानवीय सम्बन्धलाई थप सुदृढ बनाउन मद्दत पुग्ने जनाइन् ।

कार्यक्रममा प्रेस रजिष्ट्रार कार्यालयका उपसचिव प्रभाकर घिमिरेले भारतीय पत्रकार टोलीलाई खादा ओढाएर सम्मान गरेका थिए । सञ्चारकर्मी सुरेश रानाभाटले गण्डकी प्रदेशको पत्रकारिताका विद्यमान चुनौती, समस्याका साथै प्रेस रजिष्ट्रारको कार्यालयको स्थापना, भूमिका र हालसम्मका गतिविधिबारे भारतीय पत्रकारलाई जानकारी दिएका थिए ।

अन्तरक्रियामा क्लबका अध्यक्ष राजेशकुमार खत्री, संस्थापक अध्यक्ष पवन बंसल, महासचिव सुखवीर सैनी र कोषाध्यक्ष श्यामसुन्दर वशिष्टले आफ्ना अनुभव साझा गरेका थिए । त्यसैगरी, भारतीय सञ्चारकर्मीहरू अनिल खत्री गोहना, अरुण दूहन कटवाल, संजीव घनगस, सुनील कुमार खरखौदा, जसवीर सिंह खत्री, श्याम सुन्दर शर्मा, कुलदीप सिंह र उपाध्यक्ष रवीन्द्र वर्माले अन्तरक्रियाले सकारात्मक पत्रकारिताको सन्देश प्रवाह गरेको धारणा राखे । क्लबद्वारा काठमाडौँमा आयोजित एक कार्यक्रममा प्रेस रजिष्ट्रार बिमला भण्डारीलाई सम्मान गरिएको थियो पोखरामा भने प्रेस क्लब सोनीपतले पत्रकारिता, साहित्य तथा सामाजिक क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका गण्डकी प्रदेशका विभिन्न ११ जना व्यक्तित्वलाई सम्मान गरेको जानकारी महासचिव सुखवीर सैनीले दिए ।

## पोखरा-जोमसोम हवाई उडानमा यात्रुको चाप उच्च

**पोखरापत्र संवाददाता**
पोखरा, २२ असोज

पोखरादेखि म्याग्दीको बेनी हुँदै मुस्ताङ जोड्ने सडक बाढीपहिराले अवरुद्ध बनेपछि पोखरा-जोमसोम हवाई उडानमा यात्रुको चाप बढेको छ ।

उडान संख्या कम भएका कारण यात्रुको चाप थेग्न मुश्किल भइरहेको जोमसोम विमानस्थलका प्रमुख विश्वनाथ शर्माले बताउनुभयो । उहाँका अनुसार तारा र समिट एयरको ट्वीनटर जहाजले पोखरा-जोमसोम उडान गर्दै आएका छन् । "दुवै जहाजले दैनिक पाँच/पाँच वटा उडान गर्दै आएकामा अहिले दैनिक सात/सात वटासम्म उडान गरेका छन्", उहाँले भन्नुभयो, "मुस्ताङ जोड्ने सडकमार्ग विच्छेद भएपछि जहाजबाट आउजाउ गर्ने यात्रुको चाप बढेको हो ।" यतिबेला मुख्य पर्यटकीय याम चलिरहेकाले हवाई मार्गबाट मुस्ताङ जाने पर्यटकको संख्या पनि बढिरहेको विमानस्थल प्रमुख शर्माले बताउनुभयो ।

स्नोह श्रद्धाका बेला मुक्तिनाथ दर्शनसँगै कागबेनीमा पितृतर्पण गर्न नेपाल र भारतका हिन्दुमार्गीहरु पनि उल्लेख्य रुपमा त्यहाँ पुग्ने गर्छन् । एयरलाइन्स कम्पनीले हवाई उडानमा बिरामी, अशक्त आदिलाई प्राथमिकता दिइएको जनाएका छन् । त्यस किसिमका यात्रु र विदेशी पर्यटकको सहज यात्राका लागि स्थानीय प्रशासन र विमानस्थल कार्यालयलेसमेत सहजीकरण गरिरहेको प्रमुख शर्माले बताउनुभयो । "पर्यटकीय याम भएकाले यसै पनि पोखरा-जोमसोम धेरै उडान हुने बेला हो यो", उहाँले भन्नुभयो, "विपद्का कारण सडक अवरुद्ध भएपछि यात्रुको चाप थप बढेको हो ।" सडकमार्ग खुलेपछि यात्रुको चाप स्वतः घट्ने र हवाई यात्रा पनि सहज हुने उहाँले बताउनुभयो । पोखरा अन्तरराष्ट्रिय विमानस्थल, नागरिक उड्डयन कार्यालयका सूचना अधिकारी विनोदसिंह रावतले दिउँसोको समयमा जोमसोम विमानस्थलमा बढी हावाहुरी चल्ने भएकाले अधिकांश बिहानको समयमा मात्र उडान हुँदै आएको बताउनुभयो । दिनभर उडान हुनसक्दा यात्रुलाई सहज रुपमा सेवा दिन सकिने भएपनि पोखरा-जोमसोम उडानमा त्यो अवस्था नरहेको उहाँको भनाइ छ । अधिकांश उडान मध्याह्न १२ बजेअघि नै हुने गरेको उहाँले बताउनुभयो । वर्षायामका कारण गत जेठ १८ गतेदेखि बन्द भएको पोखरा-जोमसोम हवाई उडान सेवा गत भदौ पहिलो सातादेखि सुरु भएको थियो । 'भिजिबिलिटी' कम हुने भएपछि हरेक वर्षायाममा पोखरा-जोमसोम उडान बन्द हुने गरेको छ ।

यही असोज ८ देखि ११ गतेसम्मको वर्षात्पछि कालीगण्डकी नदीमा आएको बाढीले उक्त सडकखण्ड ठाउँठाउँमा अवरुद्ध पारेपछि यतिबेला पोखरादेखि मुस्ताङ जाने एकमात्र विकल्प हवाई मार्ग बनेको छ । बाह्र दिनदेखि अवरुद्ध रहेको कालीगण्डकी करिडोरअन्तर्गत बेनी-जोमसोम-कोरला सडक अझै सञ्चालनमा आउन सकेको छैन ।

## पोखरामा माटोको ढिस्कोले पुरिँदा दुई मजदुरको मृत्यु

**रासस**
बागलुङ, २२ असोज

पोखरा महानगरपालिका-१८ अधेरीकुनामा घरको जग खन्ने क्रममा माटोको ढिस्को खस्दा पुरिएर दुई जना मजदुरको मृत्यु भएको छ ।

मृत्यु हुनेमा पर्वतको महाशिला गाउँपालिका-६ फलामखानी घर भएका २९ वर्षीय विक्रम सुनार र गोरखाको पालुङटार नगरपालिका-७ बस्ने ३७ वर्षीय राजु कुमाल रहेका जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी निरीक्षक दीपकप्रसाद रिजालले जानकारी दिनुभयो । उहाँका अनुसार आज दिउँसो घरको जग खन्ने क्रममा करिब सात फिट गहिरो खाल्डोमा काम गरिरहेका दुई जना मजदुर माथिबाट माटोको ढिस्को खसेर पुरिएका थिए । घटनाको जानकारी प्राप्त भएपछि नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीयवासीको संयुक्त टोलीले तत्काल उद्धार कार्य सुरु गरेको थियो । उद्धार टोलीले पुरिएका दुवै जनालाई माटो पन्छाएर उद्धार गरी उपचारका लागि

मणिपाल शिक्षण अस्पताल लगेको थियो । मृतक सुनारलाई अपहरान्न ४:३५ बजे उद्धार

बाँकी अन्तिम पृष्ठमा ▶▶

## रुपाताल पुनर्स्थापना तथा मत्स्यपालन संस्था २५ वर्षमा

**पोखरापत्र संवाददाता**
पोखरा, २२ असोज



कास्कीको तेस्रो ठूलो रुपातालको संरक्षणसँगै माछापालनमार्फत आयआर्जन गर्दै आएको रुपाताल पुनर्स्थापना तथा मत्स्यपालन सहकारी संस्था लिमिटेड २५ वर्षमा प्रवेश गरेको छ। संस्थाले आगामी चैत १ गते रजत जयन्ती मनाउने भएको छ ।

संस्थाको बिहीबार सम्पन्न २५औं वार्षिक साधारणसभाका वक्ताहरूले रुपातालको प्राकृतिक सम्पदा, जैविक विविधता तथा सिमसार क्षेत्रको संरक्षणसँगै दिगो उत्पादनमा जोड दिएका छन्।

कार्यक्रमका प्रमुख अतिथि रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले प्राकृतिक स्रोत तथा साधनको संरक्षणमा स्थानीय समुदायको महत्वपूर्ण भूमिका रहने भन्दै सरकारी तथा स्थानीय निकायबीच समन्वय गरी पर्यटन, धार्मिक विकास र आयआर्जनका गतिविधि बढाउनुपर्ने बताए। उनले रुपाताल क्षेत्रलाई वनजंगल, खोला-खेल्सा, धार्मिक तथा पर्यटकीय क्षेत्र, हिमाली दृश्यावलोकन, जंगली धान, कमल, चराको वासस्थान तथा स्थानीय माछाको प्रजनन क्षेत्रका रूपमा विकास गर्नुपर्ने धारणा राखे ।

संस्थाका अध्यक्ष रामबहादुर थापाले ताल संरक्षणका लागि विभिन्न स्थानमा जाली भर्ने, जलकुम्भी हटाउने, सिमसार क्षेत्र संरक्षण गर्ने तथा सीसीटीभी जडान गर्ने काम गरिएको जानकारी दिए। उनका अनुसार विभिन्न जात र साइजका ३५ लाख ६७ हजार रुपैयाँ बराबरका माछाका भुरा तालमा छाडिएको छ। जैविक विविधता, स्थानीय वनस्पति तथा जीवजन्तुको संरक्षण गर्दै आगामी चैत १ गते रजत जयन्ती मनाउने तयारी भइरहेको उनले बताए ।

संस्थाका सचिव वीरेन्द्र ढकालले प्रस्तुत गरेको प्रतिवेदनमा 'प्राकृतिक सम्पदाको संरक्षण गरौं, दिगो उत्पादनमा जोड दिऔं' भन्ने नाराका साथ रुपाताललाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने योजना रहेको उल्लेख छ ।

ताल संरक्षण तथा व्यवस्थापन, मत्स्य संग्रहालय तथा जैविक विविधता सूचना केन्द्र, आयआर्जन तथा वैकल्पिक रोजगारी, जलवायु परिवर्तन, वातावरणीय सेवा भुक्तानी, अर्गानिक तथा प्राकृतिक कृषि प्रवर्द्धन, माछाको ब्रान्डिङ तथा बजारीकरण र स्थानीय सीपमा आधारित मोतीपालन कार्यक्रम सञ्चालन गर्ने योजना संस्थाले अघि सारेको छ ।

कार्यक्रममा पोखरा महानगरपालिका वडा नं. ३२ का अध्यक्ष अक्कलबहादुर कार्की, संस्थाका सल्लाहकार टीकाराम पगेनी, निवर्तमान अध्यक्ष शिवराज अधिकारी, शेयर सदस्य सीता अधिकारी, पूर्वअध्यक्ष कुलप्रसाद अधिकारी, उपाध्यक्ष ढकबहादुर थापा, व्यवस्थापक सबिन सुयेल तथा वडा नं. ३१ का वडा सदस्य देवेन्द्र अधिकारीलगायतले रुपातालको प्राकृतिक सम्पदा संरक्षण र दिगो विकासमा जोड दिएका थिए ।

२५ वर्षे यात्रामा वि.सं. २०५८ सालमा ३६ जना अग्रजहरूको सक्रियतामा स्थापना भएको संस्थाले रुपाताल जलाधार क्षेत्रभित्रका परिवारलाई 'एक घर-एक परिवार शेयर सदस्य' बनाउँदै समान शेयर, समान मुनाफाको नीति अघि बढाएको छ। आर्थिक वर्ष २०८२/८३ सम्म संस्थामा एक हजार ५३ जना शेयर सदस्य रहेका छन् भने ६ करोड ७० लाख ४७ हजार ७ सय ८ रुपैयाँ शेयर पुँजी पुगेको छ का।

संस्थाले चालु वर्ष विभिन्न जातका माछा बिक्रीबाट १ करोड ४० हजार रुपैयाँ आम्दानी गरेको जनाएको छ ।




# कांग्रेस महाधिवेशनको मतदान शुक्रबार बिहानदेखि

**रासस**
काठमाडौँ, २२ असोज

नेपाली कांग्रेसको १५औँ महाधिवेशनअन्तर्गत नयाँ केन्द्रीय कार्यसमिति चयनका लागि हुने मतदान शुक्रबार बिहानदेखि मात्रै सुरु हुने भएको छ।

खराब मौसम र प्राविधिक कारणसँगै ढिला मतदान सुरु गर्दा रातिमा मतदातालाई कठिन हुने भएकाले शुक्रबार बिहान ७:०० बजेदेखि मात्रै मतदान थालिने निर्वाचन समितिका सदस्यसचिव राजु कटुवालले जानकारी दिनुभयो । महाधिवेशनको उद्घाटन यही असोज १८ गते भएको थियो । उहाँले उम्मेदवार र मतदाता धेरै भएका कारण मतपत्र छपाइमा ढिलाइ भएकाले शुक्रबार बिहान ७:०० देखि दिउँसो ३:०० बजेसम्म मतदान हुने बताउनुभयो । महाधिवेशन प्रतिनिधिको सङ्ख्या सात हजार ३१७ रहेको पनि सदस्यसचिव कटुवालले बताउनुभयो। निर्वाचन समिति संयोजक वरिष्ठ अधिवक्ता प्रेमबहादुर खड्काले आवश्यक तयारी सबै सकिएको तर साँझमा मतदान सुरु गर्दा रातभर मतदातालाई अप्ठेरो पर्ने भएकाले त्यसलाई मध्यनजर गर्दै शुक्रबार बिहानदेखि थालिने जानकारी दिनुभयो। उहाँले मतपत्र धेरै भएकाले आफूसँगै ३२ जना वरिष्ठ अधिवक्ताले मतपत्रमा हस्ताक्षर गरिरहेको बताउनुभयो।

कुन प्रदेशका प्रतिनिधिले कहाँ मतदान गर्ने ?

निर्वाचन समितिले महाधिवेशन प्रतिनिधिको सहजताका लागि विभिन्न मतदान केन्द्र तोकेको छ। प्रतिनिधिहरूले आफूलाई तोकिएको प्रदेश तथा समूहअनुसार सम्बन्धित मतदान केन्द्रमा पुगेर मतदान गर्नुपर्नेछ।

राष्ट्रिय सभा गृह, मतदान केन्द्र 'क' मा बागमती प्रदेशको मतदान हुनेछ। खुलामञ्च, मतदान केन्द्र 'ख' मा कोशी, मधेस, गण्डकी, लुम्बिनी र सुदूरपश्चिमका साथै नेपाली जनसम्पर्क समितिको मतदानको व्यवस्था गरिएको छ। निर्वाचन समितिका अनुसार महाधिवेशनमा सहभागी सात हजार २५५ जना महाधिवेशन प्रतिनिधिले नयाँ केन्द्रीय कार्यसमिति चयनका लागि मतदान गर्नेछन्।

परिचयपत्र र मतदाता नामावली रुजु गरिने

निर्वाचन समितिले मतदानस्थलमा प्रवेश गरेपछि प्रतिनिधिहरूलाई आफूलाई तोकिएको प्रदेश तथा समूहको मतदान केन्द्रमा गई मतदान गर्न आग्रह गरेको छ। मतदान गर्नुअघि प्रत्येक प्रतिनिधिको परिचयपत्र तथा मतदाता नामावली रुजु गरिनेछ। रुजु प्रक्रिया पूरा भएपछि मात्रै प्रतिनिधिलाई मतदान गर्ने व्यवस्था गरिएको छ। निर्वाचन समितिले मतदानस्थलमा मोबाइल फोनलगायत निर्वाचन आचारसंहिताले निषेध गरेका सामग्री लिएर प्रवेश गर्न नपाइने जनाएको छ । प्रतिनिधिहरूले निर्वाचन समितिले तोकेको प्रक्रिया पूरा गरेर मात्रै मतदान गर्न पाउनेछन् । यसैगरी कांग्रेसको १५औँ महाधिवेशनअन्तर्गत केन्द्रीय कार्यसमितिको निर्वाचनका लागि उम्मेदवारी दर्ता, दाबी-विरोध तथा उम्मेदवारी फिर्ताको प्रक्रिया पूरा भइसकेको सदस्यसचिव कटुवालले जानकारी दिनुभयो। सो प्रक्रिया सम्पन्न भएपछि निर्वाचन समितिले उम्मेदवारहरूको अन्तिम नामावलीसमेत सार्वजनिक गरिसकेको छ। अब मतदानमार्फत सभापति, उपसभापति, महामन्त्री, सहमहामन्त्री तथा विभिन्न समूहका केन्द्रीय सदस्य निर्वाचित हुनेछन् । मतदान सकिएपछि मतपेटिका सुरक्षित रूपमा व्यवस्थापन गरी आवश्यक प्रक्रिया पूरा गरेर मतगणना अघि बढाइनेछ। मतगणना सम्पन्न भएपछि निर्वाचन परिणाम सार्वजनिक गरिने निर्वाचन समितिले जनाएको छ।

त्यससँगै कांग्रेसको १५औँ महाधिवेशनबाट नयाँ केन्द्रीय नेतृत्व चयन हुनेछ। पार्टीको १५औँ महाधिवेशनले विधान संशोधन गर्दै नेपाली कांग्रेसको केन्द्रीय कार्यसमिति २९७ सदस्यीय बनाएको छ। नयाँ संरचनाअनुसार निर्वाचित हुने पदाधिकारी तथा केन्द्रीय सदस्यले आगामी कार्यकालका लागि पार्टीको नेतृत्व सम्हाल्नेछन्।

# कास्कीका सात स्थानमा यात्रु सहायता कक्ष स्थापना

**पोखरापत्र संवाददाता**
कास्की, २२ असोज

जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीले नजिकिँदो दसैँ, तिहार तथा छठ पर्वलाई लक्षित गरी जिल्लाका विभिन्न सात स्थानमा नागरिक/यात्रु सहायता कक्ष स्थापना गरेको छ।

चाडपर्वका समयमा सार्वजनिक यातायातमा यात्रुको चाप बढ्ने तथा बढी भाडा असुली, टिकटमा कालोबजारी, ठगी, चोरी तथा डकैतीलगायतका समस्या हुनसक्ने भएकाले त्यस्ता गतिविधि नियन्त्रण गर्न सहायता कक्ष स्थापना गरिएको प्रहरी वरिष्ठ नायब निरीक्षक यामनाथ पनेरुले जानकारी दिनुभयो । उहाँका अनुसार पोखरा बसपार्क, बेगनास बसपार्क, तालचोक, छोरेपाटन बरको बोट, पर्यटक बसपार्क, बाग्लुङ बसपार्क र हरिचोकमा उक्त कक्ष स्थापना गरिएको छ। सहायता कक्षमार्फत यात्रुलाई आवश्यक सूचना उपलब्ध गराउने, यात्राका क्रममा देखिएका समस्या र गुनासो तत्काल सम्बोधन गर्ने व्यवस्था मिलाएको प्रहरी वरिष्ठ नायब निरीक्षक पनेरुले बताउनुभयो।

यात्रु सहायता कक्षको शुभारम्भ गर्दै कास्कीका प्रमुख जिल्ला अधिकारी कुमारसिंह गुरुङले सार्वजनिक यातायातमा यात्रुले समस्या भोग्नु नपरोस् भन्ने उद्देश्यले सहायता कक्ष स्थापना गरिएको बताउनुभयो। "चाडपर्वको समयमा कास्कीका विभिन्न स्थानबाट घर फर्किने र भित्रने यात्रुको सङ्ख्या ठूलो हुन्छ । उनीहरूको सुरक्षा र सहज यात्राका लागि प्रहरी परिचालन गरिएको छ। सहायता कक्षमा खटिने प्रहरीले यात्रुलाई आवश्यक सहजीकरण गर्नेछन्," प्रजिअ गुरुङले भन्नुभयो।

सहायता कक्षमा यात्रुले आफूलाई परेको समस्या वा गुनासो राख्न सक्नेछन्। सुरक्षामा असर पार्ने कुनै गतिविधि देखिएमा तत्काल जानकारी गराउन प्रहरीले आग्रह गरेको छ। चाडपर्वका बेला यात्रुको चापसँगै सवारीसाधनको आवागमन बढ्ने भएकाले दुर्घटना न्यूनीकरण तथा सडक सुरक्षालाई प्राथमिकतामा राखेर प्रहरी परिचालन गरिएको कास्कीका प्रहरी प्रमुख नवीन कार्कीले बताउनुभयो।

"क्षमताभन्दा बढी यात्रु राख्ने, तीव्र गतिमा सवारी चलाउने, तोकिएभन्दा बढी भाडा लिने वा अन्य कुनै किसिमको गैरकानुनी गतिविधि भएमा नजिकैको प्रहरी वा सहायता कक्षमा यात्रुले जानकारी गराउन सक्नेछन्," प्रहरी प्रमुख कार्कीले भन्नुभयो । सहायता कक्षको स्थापनाले यात्रुको गुनासो तत्काल सुन्ने, आवश्यक सूचना उपलब्ध गराउने तथा समस्या परेका यात्रुलाई प्रहरीको पहुँचमा ल्याउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

चाडपर्वका समयमा घर तथा गन्तव्यतर्फ यात्रा गर्ने सर्वसाधारणले टिकट तथा भाडाका विषयमा सचेत रहन, अपरिचित व्यक्तिले दिएको सामान नलिन तथा आफ्ना साथमा रहेका महत्वपूर्ण कागजात, नगद तथा सामानको सुरक्षा आफैँले गर्न प्रहरीले अनुरोध गरेको छ।

# गण्डकी प्रदेशमा प्राकृतिक विपद्: यातायात सेवा प्रभावित

**रासस**
काठमाडौँ, २२ असोज

बाढीपहिराका कारण मध्यपहाडी लोकमार्ग र कालीगण्डकी करिडोर अवरुद्ध हुँदा गण्डकी प्रदेशका विभिन्न जिल्लामा दुई सातादेखि सवारी आवागमन प्रभावित बनेको छ। कालीगण्डकी नदीमा आएको बाढीले लोकमार्गको पर्वत-बागलुङ जोड्ने मालढुङ्गा पुल र करिडोरअन्तर्गत म्याग्दी खण्डको पोखरेबगर पुलमा क्षति पुऱ्याएपछि दुवै सडकमार्गमा सिधा यातायात सेवा बन्द छ।

चाडबाड नजिकिँदै गरेको अवस्थामा मुख्य सडकमार्ग अवरुद्ध हुँदा सर्वसाधारणको दैनिकी कष्टकर बनेको छ। महँगो भाडा तिरेर घुमाउरो वैकल्पिक सडकबाट यात्रा गर्नुपर्ने बाध्यता छ। सडक सञ्जाल टुट्दा मुख्य याममै पर्यटकीय गतिविधि पनि न्यून देखिएका छन्। ढुवानी प्रभावित हुँदा बजारमा मालसामानको भाउ बढेको छ । मध्यपहाडका अधिकांश जिल्लालाई राष्ट्रिय सडक सञ्जालसँग जोड्ने मुख्य सडकमार्ग अवरुद्ध हुँदा बिरामी र अशक्त भने अप्ठेरोमा परेका स्थानीय बताउँछन्।

पर्वतको कुश्मा नगरपालिका-१ बाट बागलुङ सदरमुकाम जोड्ने मालढुङ्गा पुलको पहुँच मार्ग बाढीले बगाउँदा बागलुङबाट पश्चिम डोल्पासम्मको यातायात सेवा प्रभावित बनेको धवलागिरि-गण्डकी यातायात सेवा प्रालिका अध्यक्ष उमेश केसीले बताउनुभयो। मालढुङ्गाको पुल भत्केपछि लुम्बिनी र कर्णाली प्रदेशका पहाडी जिल्लाबाट बागलुङ हुँदै काठमाडौँसम्मको बस सेवा ठप्प भएको उहाँको भनाइ छ।

पछिल्लो समय काठमाडौँबाट पोखरा, बागलुङ, रुकुमपूर्व, रुकुमपश्चिम हुँदै डोल्पासम्मका बस मध्यपहाडी लोकमार्ग भएर गुड्ने गरेका थिए । "बागलुङबाट काठमाडौँ, पोखरालगायत लामो दूरीमा चल्ने बस अहिले छुटाउन सकेका छैनौँ", उहाँले भन्नुभयो, "वैकल्पिक सडक प्रयोग गरेर माइक्रो र जीप मात्र सञ्चालन भइरहेका छन् ।" साना सवारीसाधन पर्वतको दोबिल्लाबाट फलेवास, जैमिनीघाट हुँदै कालीगण्डकी करिडोर भएर बागलुङ भित्रने गरेको उहाँको भनाइ छ । केही सवारीसाधन मालढुङ गादेखि म्याग्दीको बेनी बजार, रत्नेचौर हुँदै यात्रु लिएर बागलुङ पुग्ने गरेका छन्। मालढुङ्गा नजिक रहेको खनियाघाटको झोलुङ्गे पुलबाट पनि सर्वसाधारण आउजाउ गरिरहेका छन् । साना सवार ीसाधनबाट खनियाघाट पुगेका यात्रु झोलुङ्गे पुल तरेपछि अर्को सवार ीसाधनमा बागलुङ बजारसम्म पुग्ने गरेका छन्। "अब पनि मालढुङ्गाको पुल सञ्चालनमा ल्याउन नसक्ने हो भने यातायात व्यवसाय सङ्कटमा पर्ने देखिन्छ", अध्यक्ष केसीले भन्नुभयो, "यात्रुको चाप हुने बेलामा सवारीसाधन थन्काएर राख्नुपर्नेको छ। चाडबाडको बेला यात्रुलाई पनि सास्ती भएको छ ।" चाडबाडका बेला विदेश र स्वदेशका ठूला सहरबाट गाउँ फर्कने यात्रुलाई समस्या भइरहेको उहाँले बताउनुभयो। सडक डिभिजन कार्यालय, पोखराका प्रमुख कृष्णराज अधिकारीले अबको चार/पाँच दिनभित्रमा मालढुङ्गाको पुल सञ्चालनमा ल्याउने गरी काम भइरहेको बताउनुभयो। 'याबिन' र 'जियोव्याग' प्रविधिबाट पुलमा मर्मतकार्य भइरहेको उहाँको भनाइ छ। "उच्च प्राथमिकताका साथ पुल मर्मतको काम भइरहेको छ, दसैँअगावै पुल सञ्चालनमा आउँछ", उहाँले भन्नुभयो, "नदी किनार र साँघुरो ठाउँ भएकाले काममा पनि केही कठिनाइ छ, तर रातदिन नभनी हामी कार्यस्थलमा खटिएका छौँ।"

कालीगण्डकीको बाढीले मालढुङ्गासँगै कालीगण्डकी करिडोरको बेनी-जोमसोम-कोरला सडकको पोखरेबगर पुलमा पनि क्षति पुऱ्याउँदा सिङ्गो मुस्ताङ जिल्ला सडक सम्पर्कबाट विच्छेद भएको छ। बाढीले उक्त पुलको पहुँच सडक कटान गरेपछि अहिले मर्मतकार्य चलिरहेको छ। आगामी सोमबारसम्म पुल सञ्चालनमा ल्याउने गरी काम भइरहेको बेनी-जोमसोम-कोरला सडक आयोजनाले जनाएको छ। उक्त सडक अवरुद्ध हुँदा काठमाडौँ, पोखरादेखि मुस्ताङसम्मको यातायात सेवा ठप्प भएको छ । नेपाल-चीन कोरला नाकासँग जोडिएको उक्त सडक बन्द हुँदा सीमापार व्यापार पनि प्रभावित भएको छ । चीनबाट नेपाल भित्रिएका सयौँ कन्टेनर अहिले मुस्ताङमै रोकिएका छन्। चाडबाडलाई लक्ष्य गरी चीनबाट कोरला नाका हुँदै नेपाल आयात गरिएका मालसामान बाटोमै रोकिँदा व्यवसायी पनि मर्कामा परेका छन् । मुस्ताङमा उत्पादित स्याउ पनि बजार पठाउन समस्या भइरहेको छ । मुस्ताङमा दैनिक उपभोग्य सामानको अभाव देखिन थालेको छ। मुस्ताङ जोड्ने मुख्य सडकमार्ग अवरुद्ध बनेपछि पोखरा-जोमसोम हवाई उडानमा यात्रुको चाप बढेको जोमसोम विमानस्थलका प्रमुख विश्वनाथ शर्माले बताउनुभयो । उडान सङ्ख्या कम भएका कारण यात्रुको चाप थेग्न मुस्किल भइरहेको जोमसोम विमानस्थलकाप्रमुखविश्वनाथशर्माले बताउनुभयो । उहाँका अनुसार तारा र समिट एयरको ट्विनअटर जहाजले पोखरा-जोमसोम उडान गर्दै आएका छन्। "दुवै जहाजले दैनिक पाँच/पाँच वटा उडान गर्दै आएकामा अहिले दैनिक सात/सात वटासम्म उडान गरेका छन्", उहाँले भन्नुभयो, "मुस्ताङ जोड्ने सडकमार्ग विच्छेद भएपछि जहाजबाट आउजाउ गर्ने यात्रुको चाप बढेको हो ।" सडकमार्ग बन्द हुँदा हवाई मार्गबाट मुस्ताङ जाने पर्यटकको सङ्ख्या पनि बढिरहेको विमानस्थल प्रमुख शर्माले बताउनुभयो । सोह्र श्राद्धका बेला मुक्तिनाथ दर्शनसँगै कागबेनीमा पितृतर्पण गर्न नेपाल र भारतका हिन्दूमार्गीहरू पनि उल्लेख्य रूपमा त्यहाँ पुग्ने गर्छन् । मुख्य पर्यटकीय याममै सडक अवरुद्ध हुँदा गण्डकी प्रदेशको पर्यटन क्षेत्र पनि प्रभावित भएको छ। मुस्ताङ, मनाङ, म्याग्दी, बागलुङलगायत क्षेत्रमा पर्यटकीय गतिविधि न्यून देखिएका छन्। यही असोज ८ देखि ११ गतेसम्मको भारी वर्षातपछि कालीगण्डकी नदीमा आएको बाढीका कारण मध्यपहाडी लोकमार्ग र कालीगण्डकी करिडोर ठाउँठाउँमा अवरुद्ध भएको थियो। कपिलय ठाउँमा सडक मर्मत गरेर आवागमन सहज बनाइएपनि ठूलो क्षति पुगेका ठाउँमा अझै यातायात सञ्चालनमा आउन सकेको छैन।

## पोखरामा...

गरिएकामा चिकित्सकले ५:०० बजे मृत घोषणा गरेका जनाउँदै कुमाललाई साँझ ६:०० बजेमात्र उद्धार गरिएकामा ६:२६ बजे मृत घोषणा गरेको प्रहरी निरीक्षक रिजालले बताउनुभयो।

घटनालगत्तै जिल्ला प्रहरी कार्यालय कास्कीबाट प्रहरी निरीक्षक रिजालको कमाण्डमा १०, वडा प्रहरी कार्यालय बगरबाट प्रहरी निरीक्षक रामप्रसाद सापकोटाको कमाण्डमा सात तथा सशस्त्र प्रहरी बल नेपाल नं २४ हेडक्वाटर कालिका गण पोखराबाट सशस्त्र प्रहरी सहायक निरीक्षक सुजतकुमार यादवको कमाण्डमा १३ जनाको टोली उद्धारका लागि परिचालन गरिएको प्रहरीले जनाएको छ।

अवैज्ञानिक तरिकाले गरिएका प्लटिङका कारणले घटना घटेको भन्दै सावधानी अपनाउनुपर्नेमा स्थानीयले जोड दिएका छन्।

# विश्व वरियतामा नेपाल १६औँ स्थानमा

**रासस**
काठमाडौँ, २२ असोज

अन्तराष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) ले बिहीबारसार्वजनिक गरेको आइसिसी एकदिवसीय विश्व वरियतामा नेपाल १६ स्थानमा उक्लिएको छ। पुरुष एकदिवसीय वरियतामा नेपालले एक स्थान सुधार गर्दै १६औँ स्थानमा उक्लिएको हो।

नेपालले ३३ खेलमा ९३९ अङ्कसहित २८ रेटिङ प्राप्त गरेको छ । नेपालभन्दा अघि अमेरिका १५औँ स्थानमा छ। त्यस्तै नेपालभन्दा पछाडि नामिबिया १७औँ स्थानमा छ।

एकदिवसीय विश्व वरियतामा भारत शीर्ष स्थानमा रहँदा न्यूजील्याण्ड दोस्रो स्थानमा छ। त्यसैगरी दक्षिण अफ्रिका तेस्रो स्थानमा रहेको छ भने अष्ट्रेलिया चौथो तथा पाकिस्तान पाँचौँ स्थानमा छन्।

# मुस्ताङबाट बाहिरियो १३ हजार बढी भेडाच्याङ्ग्रा

**पोखरापत्र संवाददाता**
बागलुङ, २२ असोज

पछिल्लो समय दसैँ लक्षित भेडाच्याङ्ग्रा धमाधम मुस्ताङबाट बाहिरिन थालेका छन्। बुधबार साँझसम्म मुस्ताङबाट १३ हजार २७९ वटै भेडाच्याङ्ग्रा बाहिरिएको कृषि तथा पशु विकास कार्यालय मुस्ताङले जनाएको छ।

कर्णाली प्रदेशको मुगु, जुम्ला, डोल्पा र गण्डकी प्रदेशको मुस्ताङबाट दसैँ लक्षित भेडाच्याङ्ग्रा बाहिरिएको कृषि तथा पशु विकास कार्यालय प्रमुख डा लालमणि अर्यालले जानकारी दिनुभयो । उहाँका अनुसार मुस्ताङबाट एघार हजार १६४ च्याङ्ग्रा र दुई हजार ११५ वटा भेडा मुस्ताङबाट बाहिरिएका हुन्।

प्रमुख डा अर्यालका अनुसार कर्णाली प्रदेशको मुगुबाट च्याङ्ग्रा ३२० र भेडा ४० वटा, जुम्लाबाट च्याङ्ग्रा ३०० वटा र डोल्पाबाट दुई हजार ६८० च्याङ्ग्रा र ८७१ वटा भेडा मुस्ताङको जोमसोम हुँदै बिक्रीका लागि मुस्ताङबाट बाहिरिएको हो । यसैगरी मुस्ताङबाट सात हजार ९६४ च्याङ्ग्रा र एक हजार २०४ वटा भेडा मुस्ताङ जिल्लाबाट बेसीतर्फ बाहिरिएको प्रमुख डा अर्यालले जानकारी दिनुभयो।

यस वर्ष उपल्लो मुस्ताङका केही व्यापारीले चीनबाट करिब ४०० बढी भेडा च्याङ्ग्रा पशु क्वारेन्टाइन गरी भन्सार कार्यालयको समन्वयमा नेपाल भित्र्याएका थिए। दसैँ लक्षित मुस्ताङको जोमसोममा ल्याइएका भेडा च्याङ्ग्राभध्ये दुई तिहाइ बढी मुस्ताङकै भेडाच्याङ्ग्रा बिक्रीका लागि बैँसीतर्फ झारिएको छ ।

घेकर र लोमान्थाङ गाउँपालिकाकास्थानीयपशुपालक किसान तथा व्यापारीहरूले दसैँका लागि भेडाच्याङ्ग्रा बिक्री गर्न जोमसोम झारेका छन्। कार्यालय प्रमुख डा अर्यालले भेडाच्याङ्ग्रा जोमसोमबाट बाहिरिन क्रम अन्तिम चरणमा पुगेको उहाँले बताउनुभयो। दसैँ पर्वका लागि मुस्ताङसहित विभिन्न जिल्लाबाट जोमसोम ल्याई पुऱ्याइएका भेडाच्याङ्ग्राको पशु निरोगिताको परीक्षण गर्नुपर्ने अनिवार्य हुन्छ। पशुको स्वास्थ्य परीक्षणबिना एक जिल्लाबाट अर्को जिल्लामा भेडाच्याङ्ग्रा बिक्री गर्न नपाइने कानुनी व्यवस्था छ।

मुस्ताङबाट बिक्रीका लागि बैँसी झारिने भेडाच्याङ्ग्राको स्वास्थ्य परीक्षण तथा पशु निरोगिताको प्रमाणपत्र बिना ओसार पोसार गर्न नपाइने नियम भएकाले च्याङ्ग्रा व्यापारीहरू पशु निरोगिताको प्रमाणपत्र लिन सम्बन्धित कार्यालय र पशु चिकित्सकको सम्पर्कमा आउने गर्छन्।

दसैँ लक्षित भेडाच्याङ्ग्राको पशु स्वास्थ्य परीक्षण गरेबापत सम्बन्धित पशु चिकित्सकले सीमित शुल्क लिने गर्छन्। यसरी पशु परीक्षण गर्दा सम्बन्धित पशु चिकित्सकले व्यापारीले च्याङ्ग्रा राखेको खोर अन्य स्थानमा पुगेर बथानको नमूना परीक्षण गरी पशु निरोगिताको पहिलो कार्डमा लेखिएको प्रमाणपत्र उपलब्ध गराउँछन् । मुस्ताङबाट गत वर्ष १५ हजार बढी भेडाच्याङ्ग्रा बाहिरिएको कार्यालयले जनाएको छ। यस वर्ष मुस्ताङमा दसैँ लक्षित भेडाच्याङ्ग्रा गतवर्षको तुलनामा आंशिक रूपमा समान रहेको कार्यालय प्रमुख डा अर्यालको भनाइ छ। रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढी र असोज ८ देखि ११ गतेसम्मको भारी वर्षा र हिमपातले सडक अवरुद्ध हुँदा गत वर्षको तुलनामा यस वर्ष भेडाच्याङ्ग्रा व्यापारीलाई बजार पुऱ्याउन समस्या परेको छ।

# वरिष्ठ नेता भण्डारीको शपथ

**रासस**
काठमाडौँ, २२ असोज

नेपाल कम्युनिष्ट पार्टी (एमाले) स्थायी कमिटीको पहिलो बैठक पार्टी केन्द्रीय कार्यालय, च्यासलमा सुरु भएको छ।

पार्टीकी वरिष्ठ नेता विद्यादेवी भण्डारीले अध्यक्ष केपी शर्मा ओलीसँग स्थायी कमिटी सदस्यका रूपमा शपथ ग्रहण गरेपछि बैठक औपचारिक रूपमा सुरु भएको हो। शपथ ग्रहणपछि वरिष्ठ नेता भण्डारीसहित स्थायी कमिटीका सदस्यहरू बैठकमा सहभागी हुनुभएको छ।

पार्टी केन्द्रीय कमिटीको तेस्रो बैठकले सचिवालयलाई छलफल तथा निर्णयका लागि प्रत्यायोजन गरेका विभिन्न ' एजेन्डा'माथि स्थायी कमिटीको बैठकमा छलफल हुने कार्यसूची रहेको सो पार्टीका प्रचार विभाग प्रमुख नीरज आचार्यले जानकारी दिनुभयो। ती विषयमा आवश्यक छलफल गरी पार्टीको आगामी कार्यदिशा र निर्णयका सम्बन्धमा बैठकले टुङ्गो लगाउने बताइएको छ। केन्द्रीय कमिटी बैठकबाट प्राप्त जिम्मेवारीअनुसार स्थायी कमिटीले पार्टीका साङ्गठनिक तथा समसामयिक विषयमा आवश्यक निर्णय गर्नेछ । बैठकमा पार्टीको पछिल्लो राजनीतिक अवस्था, सङ्गठन सञ्चालन तथा आगामी कार्ययोजनालगायत विषयमा पनि छलफल हुने अपेक्षा गरिएको छ । पार्टीको केन्द्रीय कमिटीको तेस्रो बैठकले विभिन्न विषयमा सचिवालयलाई जिम्मेवारी तथा अधिकार प्रत्यायोजन गरेपछि स्थायी कमिटीको यो पहिलो बैठक बसेको हो। बैठकले सचिवालयबाट प्रस्तुत हुने विषयमा छलफल गरी आवश्यक निर्णय गर्नेछ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कल्पनाले विश्वमाथि शासन गर्दछ । – नेपोलियन

## सम्पादकीय

# सांसद- प्रहरी जुहारी

स्वतन्त्र पार्टी (रास्वपा) का सांसद खगेन्द्र सुनारले आफूविरुद्ध प्रहरी निगरानी बढाइएको दाबी गर्दै प्रहरी र कर्मचारीतन्त्रको कार्यशैलीमाथि प्रश्न उठाएका छन् । संसद देखि संसदीय समितिका बैठकमा प्रहरी महानिरीक्षक दानबहादुर कार्की विरुद्ध भ्रष्टाचारको आरोप लगाएपछि सांसद सुनारको सामाजिक संजालबाट विरोध भएको छ । मन नपरेकालाई विना प्रमाण आरोप लगाउनु चर्चा बटुल्ने उदेश्य होइन भन्न सकिन्न । रास्वपा सांसद सुनारले केही समयदेखि निरन्तर प्रहरी प्रमुख र प्रहरी अधिकृत माथि आरोपको वर्षा जारी राखेका छन । सामाजिक सञ्जालमार्फत आफ्नो धारणा सार्वजनिक गर्दै सुनारले आन्दोलनका क्रममा आफू पटक-पटक प्रहरी हिरासतमा परेको र धरपकड, मुद्दा तथा कुटपिटसमेत भोगेको गुनासो गरेका छन । पछिल्ला दिनमा भने आफूले विगतमा गरेका आन्दोलनका तस्बिर र भिडियोहरूलाई आपराधिक गतिविधिसँग जोडेर प्रचार गर्ने प्रयास भइरहेको उनको दाबी छ ।

राजदूत सिफारिसमा आरोपित व्यक्तिलाई च्यापेर रकम असुल गरेको , आर्थिक संकलन गरेको जस्ता उजुरी संसदीय सुनुवाइ समितिमा परेको छासत्ताको आडमा गरिएको क्रियाकलाप र अभिव्यक्तिको कारण सांसद सुनार विवादमा तानिएका छन । अदालतले पक्राउ पुर्जी जारी गर्दा फरार रहेको कारण मन्त्री हुन नपाएको आक्रोश प्रहरी अधिकारी माथि पोखेका बुझ्न सकिन्छ ।राजनीति गर्ने व्यक्ति स्वच्छ, इमान्दार र चरित्रवान हुनुपर्छ । आफैं आरोपमा परेर अरुलाई प्रश्न गर्नु कत्तिको नैतिक हुन्छ भन्ने ठाउँ दिनुहुँदैन । सुनारले आफूले उठाउँदै आएको भ्रष्टाचारको विषयबाट ध्यान मोड्न यस्तो गतिविधि भइरहेको आरोप लगाएका छन् । उनले आन्दोलनका क्रममा आफ्नो शैली कतिपयलाई अराजक लाग्न सक्ने भए पनि त्यसको पृष्ठभूमि न्यायको खोजी रहेको जिकिर गरेका छन् ।

सांसद भएको छ महिनामै सबै जानेको र बुझेको दावी गर्नु आफैलाई हल्का बनाउनु हो । जनप्रतिनिधिका रूपमा काम गर्दा देशको अवस्था नजिकबाट देख्ने अवसर पाएको उल्लेख गर्दै सुनारले उत्पादन, वैदेशिक ऋण, सरकारी संरचना, बेरुजु र स्रोतसाधनको वितरणलगायत विषयमा गम्भीर प्रश्न उठाएका छन् । प्रहरी र कर्मचारी तन्त्रमा भ्रष्टाचार र अनियमितता छात्यसको नाममा सबै उस्तै हुन भन्न सकिन्न । 'यस्तो देखीदेखि कसरी चुप बस्न सकिन्छ ?' भन्दै उनले देशको अवस्था सुधारका लागि आफूले आवाज उठाइरहने बताएका छन् । सुनारले आफूलाई प्रश्न उठाएकै कारण फसाउने वा ज्यानसम्म जोखिममा पार्न सक्ने अवस्था रहेको दाबी गरेका छन् । उनले आफूविरुद्ध हुने अनुसन्धानबाट आफू पछि नहट्ने पनि बताएका छन् । यो आफू जोगिन गरिएको प्रपञ्च त होइन भन्ने ठाउँ दिएको छ । 'मैले गरेका सबै पाप र अपराधको छानबिन होस्। बदमासी भेटिएको खण्डमा एक मिनेट पनि यो पदमा बस्दिनँ,' उनले लेखेका छन् । यस्तो दावी प्रश्न उठ्नु अघि गरेको भए उचित हुन्थ्यो । उनका अनुसार पछिल्लो समय केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) को एक टोलीले आफूलाई निगरानीमा राखेको छ ।

बैंकिङ कारोबार, टेलिफोन विवरण, सामाजिक सञ्जालसँग सम्बन्धित विवरण तथा आफू र परिवारका सदस्यको सम्पत्तिसम्बन्धी विवरण संकलन भइरहेको उनले दाबी गरेका छन् । तर आफूविरुद्धको छानबिनलाई लिएर आफू नडराउने बताउँदै सुनारले अनुसन्धानबाट दोषी देखिए कारबाही भोग्न तयार रहेको बताएका छन् । बरु प्रहरी र कर्मचारीतन्त्रमा सुधार नगरी सुशासन सम्भव नहुने उनको तर्क छ । 'एउटा सत्तारुढ पार्टीको सांसदलाई फसाउन त यसरी लाग्छ प्रहरी भने बिचारा आम मानिसको के हाल भएको होला ?' उनले प्रश्न गरेका छन् । सरकारले विपक्षी राजनीतिक दलका नेता, व्यापारीलाई गरेको प्रतिशोधको कहिल्यै विरोध नगर्नेले यो प्रश्न उठाउनु हास्यास्पद हा । सुनारले सीआईबी र 'श्रीमती संघ'सँग सम्बन्धित आफूले उठाएको विषयमा पनि थप अनुसन्धान र विवरण सार्वजनिक गर्ने सङ्केत गरेका छन् । उनले त्यससम्बन्धी विषय अध्ययनकै क्रममा रहेको भन्नू सत्ताको आडमा दिएको धम्की र आफ्ना कमजोरी ढिसमिस गर्न त होइन प्रष्ट हुनुपर्छ । चर्को बोलेर भाइरल हुने रोग बढेकाले सांसद सुनार पनि त्यही मोहमा पदको सौदावाजी त होइन भन्ने आशंका जन्माएको छ ।

# मृतकका परिवारलाई गाउँपालिकाको एक लाख राहत

**पोखरापत्र संवाददाता**
बागलुङ, २२ असोज

पहिरोमा परी बागलुङको ताराखोलामा ज्यान गुमाएका तीन जनाको परिवारलाई प्रतिपरिवार एक लाख प्रदान गरिएको छ ।

ताराखोला गाउँपालिकाले पहिरोले घर पुरिँदा ज्यान गुमाउनेलाई रु एक/एक लाखका दरले परिवारलाई नगद राहत उपलब्ध गराएको हो ।

गाउँकार्यपालिकाको निर्णयअनुसार मृतकका परिवारलाई रु एक/एक लाख नगद राहत उपलब्ध गराएको गाउँपालिकाका अध्यक्ष धनबहादुर विकले बताउनुभयो ।

यही असोज दोस्रो साताको पहिरोमा परी ताराखोला गाउँपालिकामा तीन जनाको मृत्यु भएको थियो । गाउँपालिका अध्यक्ष विक, गाउँपालिकाका प्रमुखप्रशासकीय अधिकृत विमल रिजाल, वडाध्यक्षसहितको टोली पीडितको घरमा नै पुगेर राहत रकम प्रदान गरेको हो । गाउँपालिकाले बाढीपहिरोबाट प्रभावित नागरिकको राहत, पुनःस्थापना तथा क्षतिग्रस्त भौतिक संरचनाको पुनःनिर्माणका लागि आर्थिक सहयोग गर्न अपिलसमेत गरेको छ । बाढी पहिरोबाट घरबास, सडक, विद्यालय भवन, सार्वजनिक भवन, विद्युत् संरचना तथा प्रसारण लाइनमा क्षति पुगेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रिजालले जानकारी दिनुभयो ।

बाढीपहिरो पीडितलाई एनआरएनएले रु पाँच लाख बढीको खाद्यान्न, लत्ताकपडालगायत अत्यावश्यक सामग्री प्रदान गरेको छ । पहिरोले घर पुरिँदा ताराखोला गाउँपालिका-५, सीपका ५५ वर्षीय दिलबहादुर पुन, उहाँकी सासू म्याग्दीको मालिका गाउँपालिका-२ की ७९ वर्षीया नरमाया रोका र ताराखोला गाउँपालिका-५ धस्मरका ५९ वर्षीय मनबहादुर रोकाको मृत्यु भएको थियो ।

# माउन्ट अन्नपूर्णमा नेपाली र अंग्रेजी वक्तृत्वकला प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, २२ असोज

पोखरा ३, नदीपुर भिसी मार्गमा रहेको माउन्ट अन्नपूर्ण माध्यमिक विद्यालयमा कक्षा ११ र १२ का विद्यार्थीहरूबीच नेपाली तथा अंग्रेजी वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको छ ।

बिहिवार बिद्यालयमा आयोजित प्रतियोगितामा विद्यार्थीहरूले 'युवाको चाहना र अभिभावकका अपेक्षा' विषयमा आफ्ना धारणा, विचार तथा सिर्जनात्मक प्रस्तुति प्रस्तुत गरेका थिए । प्रतियोगितामा विद्यार्थीहरूले युवाका आकांक्षा, अभिभावकका अपेक्षा तथा पुस्ताबीचको सम्बन्ध लगायतका विषयमा आफ्ना विचार व्यक्त गरेको विद्यालयका प्रधानाध्यापक सइन्द्रराज श्रेष्ठले जानकारी दिए । प्रधानाध्यापक श्रेष्ठले विद्यार्थीहरूको वक्तृत्व क्षमता, आत्मविश्वास, सिर्जनात्मक सोच तथा आफ्ना विचारलाई प्रभावकारी ढंगले प्रस्तुत गर्ने क्षमताको विकास गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको बताए । उनले



यस्ता अतिरिक्त क्रियाकलापले विद्यार्थीको व्यक्तित्व विकाससँगै अध्ययनबाहेकका क्षेत्रमा समेत आफ्नो प्रतिभा प्रस्तुत गर्ने अवसर प्रदान गर्ने उल्लेख गरे । अंग्रेजी वक्तृत्वकला प्रतियोगितामा कक्षा १२ 'ए' व्यवस्थापनकी जेनिफा गुरुङ प्रथम, कक्षा ११ कम्प्युटर साइन्सकी प्रतिक्षा तामाङ दोस्रो, कक्षा ११ कम्प्युटर साइन्सकी खुसि कुमारी सराफ तेस्रो र कक्षा ११ 'ए' की राइसा खातुनले सान्त्वना स्थान हासिल गरिन् । त्यस्तै, नेपाली वक्तृत्वकला प्रतियोगितामा कक्षा ११ कम्प्युटर साइन्सका निशान तिलिजा प्रथम, कक्षा १२ 'ए' व्यवस्थापनकी श्रीया परियार दोस्रो, कक्षा ११ 'बी' होटल म्यानेजमेन्टकी अनिस्मा नेपाली तेस्रो तथा कक्षा १२ 'बी' होटल म्यानेजमेन्टका पंकज श्रीरिसले सान्त्वना स्थान प्राप्त गरे । नेपाली वक्तृत्वकला प्रतियोगिताका निर्णायकमा नेपाली विभाग प्रमुख दण्डपाणि सुवेदी र दुर्गादत्त सुवेदी रहेका थिए । अंग्रेजी वक्तृत्वकला प्रतियोगिताको निर्णायकमा अंग्रेजी विभाग प्रमुख अनिल पराजुली र कृष्ण लम्साल रहेका थिए । प्रतियोगितामा उत्कृष्ट हुने विद्यार्थीहरूलाई विद्यालयका प्रधानाध्यापक श्रेष्ठ, प्रशासक चित्र गुरुङ तथा शैक्षिक संयोजक गोविन्द सुवेदीले प्रमाणपत्र तथा पदक वितरण गरेका थिए ।

# पहिरो पीडितलाई आर्थिक सहयोग

**पोखरापत्र संवाददाता**
बागलुङ, २२ असोज

पहिरोमा परी बागलुङको ताराखोलामा ज्यान गुमाएका तीन जनाको परिवारलाई प्रतिपरिवार एक लाख प्रदान गरिएको छ ।

ताराखोला गाउँपालिकाले पहिरोले घर पुरिँदा ज्यान गुमाउनेलाई रु एक एक लाखका दरले परिवारलाई नगद राहत उपलध गराएको हो ।

गाउँकार्यपालिकाको निर्णयअनुसार मृतकका परिवारलाई रु एक/एक लाख नगद राहत उपलब्ध गराएको गाउँपालिकाका अध्यक्ष धनबहादुर विकले बताउनुभयो ।

यही असोज दोस्रो साताको पहिरोमा परि ताराखोला गाउँपालिकामा तीन जनाको मृत्यु भएको थियो । गाउँपालिका अध्यक्ष विक, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विमल रिजाल, वडाध्यक्षसहितको टोली पीडितको घरमा नै पुगेर राहत रकम प्रदान गरेको हो ।

गाउँपालिकाले बाढीपहिरोबाट प्रभावित नागरिकको राहत, पुनःस्थापना तथा क्षतिग्रस्त भौतिक संरचनाको पुनःनिर्माणका लागि आर्थिक सहयोग गर्न अपिलसमेत गरेको छ । बाढी पहिरोबाट घरबास, सडक, विद्यालय भवन, सार्वजनिक भवन, विद्युत् संरचना तथा प्रसारण लाइनमा क्षति पुगेको गाउँपालिकाका प्रमुख प्रशाकीय अधिकृत रिजालले जानकारी दिनुभयो ।

बाढीपहिरो पीडितलाई एनआरएनएले रु पाँच लाख बढीको खाद्यन्न, लत्ता कपडालगायत अत्यावश्यक सामग्री प्रदान गरेको छ । पहिरोले घर पुरिँदा ताराखोला गाउँपालिका-५, सिपका ५५ वर्षीय दिलबहादुर पुन, उहाँकी सासु म्याग्दीको मालिका गाउँपालिका-२ की ७९ वर्षीया नरमाया रोका र ताराखोला गाउँपालिका-५ धस्मरका ५९ वर्षीय मनबहादुर रोकाको मृत्यु भएको थियो ।

# विश्व दृष्टि दिवसका अवसरमा दुई हजार ८२३ जनाको आँखा परीक्षण

**रासस**
काठमाडौं, २२ असोज

विश्व दृष्टि दिवस २०२६ का अवसरमा त्रिपुरेश्वरस्थित नेपाल आँखा अस्पतालले कैदीबन्दी, ज्येष्ठ नागरिक र विद्यार्थीको आँखा परीक्षण गरेको छ ।

समुदायस्तरमा आँखा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्ने उद्देश्यले अस्पतालले ललितपुरस्थित नख्खु कारागार, सुकेधारास्थित एजिङ केयर सेन्टर र गोकणेश्वरस्थित चामुण्डा माध्यमिक विद्यालयका विद्यार्थी गरी कूल दुई हजार ८२३ जनाको आँखा परीक्षण गरेको हो । नख्खु कारागारमा तीन दिनसम्म सञ्चालित शिविरमा ९०७ कैदीबन्दीको आँखा परीक्षण गरी २० जनालाई थप उपचारको सिफारिस र १४६ जनालाई चस्मा र औषधि निःशुल्क वितरण गरिएको अस्पतालले जनाएको छ ।

यस्तै सुकेधारास्थित एजिङ केयर सेन्टरमा ८४ जना ज्येष्ठ नागरिक, चामुण्डा माध्यमिक विद्यालयमा ९५४, बुद्ध प्रकाश माध्यमिक विद्यालयमा १३६ र जलुपा माध्यमिक विद्यालयमा ७४२ जनाको आँखा परीक्षण गरी चस्मा र आवश्यक औषधि वितरण गरिएको छ ।


## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं.२९ निवासी भारतीय भु.पु.सै.नं. 5341310N,NK का गोर्खा राइफल्स बेल बहादुर थापाको माग निवेदन अनुसार निजको श्रीमती केशर माया वि.क.को नेपाली नागरिकता प्रमाणपत्रमा नामथर केशर माया बि.क. उल्लेख भएको, निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर केशर माया उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको साथै निजको जन्ममिति वि.सं.२०१०।११।२८ तदानुसार ई.सं. १९५४।०३।११ भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका २९ नं. वडा कार्यालयको च.नं. ८५७ मिति २०८३।०६।१२ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



प्रस्तुत विषयमा कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ०५ निवासी ना.प्र.नं. १२०८ तथा भारतीय भु.पु.सै.नं. ५८४५१४४L का हवल्दार सन्त बहादुर खत्रीको माग निवेदन अनुसार निजको श्रीमतीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर विष्णु कुमारी खत्री र जन्ममिति वि.सं. २०२१।०१।२५ (ई.सं.१९६४।०५।०७) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर विस्नु कुमारी र जन्ममिति ई.सं.१९६३।०५।०८ उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका ०५ नं. वडा कार्यालयको च.नं. ५०२ मिति २०८३।०६।०७ को सिफारिस पत्रबाट लेखि आएकोले भारतीय पेन्सन प्रयोजनको लागि मात्र नियमानुसार हुन अनुरोध छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



गण्डकी प्रदेश बागलुङ जिल्ला जैमिनी नगरपालिका वडा नं. ८ साविक छिस्ती गा.वि.स. वडा नं. ८ निवासी भारतिय भु.पू.नं. २५०००५८ का धन बहादुर पुनको पत्नी धन माया पुनको नागरिकताको प्रमाणपत्रमा नाम थर धन माया पुन (DHAN MAYA PUN) र जन्म मिति वि.सं. २००९/०५/२५ (ई.सं. १९५३/०१/०८) उल्लेख भएको र पतिको भारतिय पेन्सन अभिलेखमा निज पत्नीको नाम थर धनमाया (DHANMAYA) र जन्म मिति ई.सं. १९५७/०१/०१ (वि.सं. २०१३/०९/१८) उल्लेख भई फरक परेतापनि उल्लखित दुई नाम थर र दुई जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको भनी जैमिनी नगरपालिका, ८ नं. वडा कार्यालय, छिस्ती, बागलुङको च.नं. १६०, मिति २०८३/०६/१३ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



गण्डकी प्रदेश बागलुङ जिल्ला जैमिनी नगरपालिका वडा नं. ८ साविक छिस्ती गा.वि.स. वडा नं. ९ निवासी भारतिय भु.पू.नं. ५७४६९५९ K का HONY. NAIB SUBEDAR पदम बहादुर पुनको पत्नी कृष्ण देवी पुनको नागरिकताको प्रमाणपत्र नं. ८६१५-२९९८ मा नाम थर कृष्ण देवी पुन (KRISHNA DEVI PUN) र जन्म मिति वि.सं. २०१४/०३/१० (ई.सं. १९५७ जुन २३) उल्लेख भएको र पतिको भारतिय पेन्सन अभिलेखमा निज पत्नीको नाम थर कृष्ण देवी पुन (KISHNA DEVI PUN) र जन्म मिति ई.सं. १९६० जानवरी १६ (वि.सं. २०१६/१०/०२) उल्लेख भई फरक परेतापनि उल्लखित दुई नाम थर र दुई जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको भनी जैमिनी नगरपालिका, ८ नं. वडा कार्यालय, छिस्ती, बागलुङको च.नं. १४२, मिति २०८३/०६/१३ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



गण्डकी प्रदेश बागलुङ जिल्ला जैमिनी नगरपालिका वडा नं. ८ साविक छिस्ती गा.वि.स. वडा नं. ९ निवासी भारतिय भु.पू.नं. ५७४४७६७ N का पदम बहादुर पुनको पत्नी मन कुमारी भन्ने मन माया पुनको नागरिकताको प्रमाणपत्र नं. १५७७/८४२२/२७१२/७१६ मा नाम थर मन कुमारी भन्ने मन माया पुन (MAN KUMARI BHANNE MAN MAYA PUN) र जन्म मिति वि. सं. २०१८/०९/२७ (ई.सं. १९६२/०१/१०) उल्लेख भएको र पतिको भारतिय पेन्सन अभिलेखमा निज पत्नीको नाम थर मन माया पुन (MAN MAYA PUN) र जन्म मिति ई.सं. १९६२/०७/०३ (वि.सं. २०१९/०३/१९) उल्लेख भई फरक परेतापनि उल्लखित दुई नाम थर र दुई जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको भनी जैमिनी नगरपालिका, ८ नं. वडा कार्यालय, छिस्ती, बागलुङको च.नं. १८२, मिति २०८३/०६/२१ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : आर्थिक समस्या |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : झमेला बड्ने | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : शुभ यात्रा | मीन | : सत्कार मिल्नेछ |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

